कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झापाबाट जारी गरिएको
# प्रेस विज्ञप्ति

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने गरी नेपालको संबिधान जारी भएको ४ बर्ष वितिसकेको छ। वर्तमान संविधान जारी भएसंगै राज्यको पुनरसंरचना मार्फत स्थानीय सरकारको हैसियतमा स्थापित प्रदेश नं. १ को झापा जिल्लाको सुदुर दक्षिण पूर्वमा नेपालकै होचो भुभागमा अवस्थित कचनकवल गाउँपालिकाको निर्वाचित जनप्रतिनिधिको हैसियतमा विकास र सेवा प्रवाहको कार्यको जिम्मेवारी सम्हालेको पनि २ बर्ष पुरा भएको छ। हामीले जिम्मेवारी सम्हालेको यस अवधिमा कचनकवल गाउँपालिकाको समृद्धिमा निर्वाह गर्न सकेको भूमिकाको यथार्थपरक समीक्षाका साथ भावी कार्यभारको निरोपण गरी "समृद्ध नेपाल सुखि नेपाली" को राष्ट्रिय लक्षलाई पुरागर्ने मूल अभियानमा यस गाउँपालिकाको तर्फबाट विषेश योगदान पुर्‍याउन "कृषि, पर्यटन र पूर्वाधार- समुन्नत कचनकवल विकासको आधार" भन्ने दीर्घकालिन सोचलाई गन्तव्यको मुख्य मार्गको रुपमा स्वीकर्दै विद्यमान र भविष्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रिकृत रहने गरी आगामी आर्थिक वर्ष २०७६।०७७ का लागि यस गाउँपालिकाले अवलम्बन गर्ने निर्देशक सिद्धान्त साथैयोजना तथा कार्यकममा आधारित बजेट तर्जुमा र सीमा निर्धारणकालागि स्वीकारिएका मार्गदर्शन र मार्गदर्शनमा आधारित नीति तथा कार्यक्मे सम्मानित सभाबाट मिति ०७६।०३।३० गते पारित समेत भई सकेकोका छ। यिनै विषयहरुलाई आज कचनकवलबासी तथा देशवासीहरुमा समेत सुसूचित गरी जनताको सूचनाको हकलाई प्रत्याभूत गर्ने उद्देश्यका साथ यस गाउँपालिकोको चौथो गाउँ सभाबाट पारित प्रमुख विषयहरुलाई देहाय वमोजिमका बुँदाहरुमा समेटी प्रकाश पार्ने प्रयत्न गरिएको छ। यस आ.व.मा परम्परागत वितरणमुखी बजेट प्रणालीलाई क्रमभंग गर्दै आवश्यकता र प्राथमिकताका आधारमा रकम विनियोजनामा जोड दिएका छौं।

यस क्रममा :

- कुल अनुमानित आय रु. ४७ करोड ६० लाख,
- व्यय तर्फ : पूंजिगत रु. २७ करोड ०१ लाख ५६ हजार।
  चालु तर्फ रु. २० करोड ५८ लाख ४४ हजार।
- कक्षा १२ सम्म सबै विद्यार्थीहरुलाई र छात्राहरुलाई क्याम्पस तहमा पनि निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ।
- प्रत्येक वडाका एक एक विद्यालयमा नमूना बाल कक्षा सञ्चालन गरिनेछ।
- सवै माध्यमिक विद्यालयहरुमा अनिवार्य कम्प्युटर शिक्षा लागू गरिने छ। क्रमश यो कार्यक्रम अन्य विद्यालयहरुमा पनि लागू गर्दै लगिने छ। अंग्रेजी माध्यमबाट गरिने पठनपाठनलाई प्राथमिकता प्रदान गरिने छ।



हजरा आलम
अध्यक्ष
कचनकवल गाउँपालिका

Scanned by CamScanner

- मदरसा तथा गुरुकुल शिक्षालाई विद्यालय शिक्षासँग आवद्ध गर्दै लगिने छ।
- सबै वालविकास शिक्षकहरु र विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप वार्षिकरुपमा एकमुष्ट रु ५,०००।- प्रदान गरिने छ।
- विद्यालय शिक्षामा योग, खेलकुद लगायतका अतिरिक्त क्रियाकलापहरुलाई अनिवार्यरुपमा लागू गर्दै लगिने छ।
- इच्छुक सबै विद्यालयहरुमा अतिरिक्त क्रियाकलापकोरुपमा विद्यालय कृषि सहकारी स्थापना र सञ्चालनका लागि सहयोग र प्रोत्साहन गरिने छ।
- शिक्षक समूदायलाई पूर्ण उत्तरदायी बनाउँदै लगिने छ। परिणामका आधारमा पुरस्कार र दण्डको व्यवस्था मिलाइने छ।
- आम जनताको स्वाथ्यलाई ध्यानमा राखी सुलभ औषधी पसल सञ्चालन गरिने छ।
- स्वास्थ्य सेवाको आधार स्तम्भकारुपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक रु २,०००।- का दरले प्रोत्साहन स्वरुप उपलब्ध गराइने छ।
- प्राथमिक स्वास्थ्य चौकी वनियानीमा मृगौला रोगीहरुका लागि डायलासिस सेवा सञ्चालन गरिने छ।
- खेत बाँझो नराख्ने र कृषि उत्पादन वृद्धि गर्ने नीतिलाई प्रोत्साहित गर्ने क्रममा खेत बाँझो नराख्ने शर्तमा कृषहरुलाई मोटर वोरिंग, मल विउ र औजार वितरणको व्यवस्था मिलाइने छ।
- आर्गनिक खेतीलाई विशेष प्राथमिकता र प्रोत्साहन प्रदान गरिने छ।
- माछापालन र आर्गनिक तरकारी खेतीमा विशेष प्रोत्साहन र अनुदानको व्यवस्था मिलाइने छ।
- धान सुपर जोनको कार्यक्रमलाई अझ व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाइने छ।
- सबै हाटवजारलाई एकरुपता प्रदान गर्न एकै प्रकारका टहराको निर्माण र सौर्य वत्तीको व्यवस्था मिलाइने छ।
- स्थानीय हाटबजारमा स्थानीय कृषकले आफैं उत्पादन गरेर स-साना इकाईमा विक्रीका लागि ल्याउने फलफुल तथा तरकारी जन्यवस्तुहरुमा लाग्दै आएको दैनिक हाटवजार कर हटाइएको छ।
- निर्माणाधिन पुल कल्भर्ट र बाटाहरु यसै वर्ष सम्पन्न गर्ने र बाँकी सबै स्थानका पुल कल्भर्टहरुको माग एकैसाथ पुरा गर्न यस वर्षबाटै एकसाथ बहुवर्षिय निर्माण कार्य प्रारम्भ गरिने छ।
- मेची राजमार्गको बनियानी खण्डमा बगैंचा, सौर्य सडक बत्ति र मुख्य सडकको दायां बायां बृक्षारोपणको व्यवस्था मिलाइनेछ।
- जैविक विविधता र वन्यजन्तुका हिसावले अत्यन्तै महत्वपूंर्ण जलथल जंगल र नेपालकै सबैभन्दा होचो स्थान कचनकवलको पर्यटकीय विकास र प्रवर्द्धनमा विशेष कार्य गरिने छ।
- केचना, बडो केचना झिल लगायत सबै सार्जजनिक पोखरीहरुको सुधार र विकास गरि गाउँपालिकाको आय वृद्धि गर्ने र पर्यटकीय विकास समेत गरिनेछ।
- कचनकवलको आर्थिक, सामाजिक र विशेष गरी पर्यटन प्रवर्द्धनका लागि कचनकवल निवासी नेपालकै ख्याती प्राप्त गायक प्रमोद खरेललाई कचनकवल सद्भावना दूत नियुक्त गरिएको छ।
- पर्यटन वर्ष २०२० र स्थानीय पर्यटन प्रवर्द्धनका लागि कचनकवल महोत्सवको आयोजना गरिने छ।
- बेरोजगार युवा लक्षित तालिम केन्द्र र स्वरोजगार कोषको स्थापना गरिनेछ।



अन्जरा आलम
अध्यक्ष
कचनकवल गाउँपालिका

Scanned by CamScanner

अन्जरा आलम
अध्यक्ष
कचनकवल गाउँपालिका

- सिप भएका र तालिम केन्द्र मार्फत सीप सिकेका युवाहरुलाई साना घरेलु, कुटीर उद्योग र व्यवसाय संचालनका लागि अनुदान तथा ऋणको व्यवस्था मिलाइने छ।
- स्थानीय ३०० जना भन्दा बढीलाई रोजगार प्रदान गर्ने वातावरण मैत्री रोजगारमूलक उद्योग स्थापना गर्न चाहने उद्योगीलाई १० वर्ष सम्म सबै प्रकारको स्थानीय कर छुट दिने र बिजुली बाटो लगायतका पूर्वाधार निर्माणमा समेत सहयोग गरिनेछ।
- स्थानीय तह गठन पूर्व लिज, ठेक्कामा लगाइएका सरकारी र सार्वजनिक जग्गा तथा सम्पत्तिहरु गाउँपालिकाले फिर्ता लिई नयाँ व्यवस्थापन गर्नेछ।
- विकास निर्माणका कार्यहरुलाई प्रभावकारी र परिणाममूखी बनाउन महिला मात्र सहभागी भएको टोल विकास संस्थालाई स्थायी उपभोक्ता समितिको रुपमा जिम्मेवारी प्रदान गरिनेछ।
- आर्थिक रुपमा कमजोर तथा सामाजिक हिसाबले पछाडि परेका गन्धर्व जातीलाई निशुल्क स्वास्थ्य बिमाको व्यवस्था मिलाइने छ।
- कचनकवल डुवानका मुख्य कारणहरु मेचि नदिको भद्रपुर ३ को भैसाबारी, कचनकवल ५ को पाठामारी, कचनकवल ४ को पोकलावान र विरिङ नदिको बाहदशी १ को भागडुब्बा खण्डमा तटबन्धन कार्य सम्पन्न गरी कचनकवल डुवान समस्या सधैंका लागि अन्त्य गर्न सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउने र सहकार्य गरिनेछ।
- पाइलट प्रोजेक्टको रुपमा वडा नं. १ र २ मा मजदुर लक्षित नविकरणीय उर्जा विकास कार्यक्रम लागू गरिनेछ।
- आगामी दिनमा करका दरमा वृद्धि भन्दा करका दायराहरुको अध्ययन विश्लेषण गरी आम्दानीको स्रोतहरुको विकास र पहिचानलाई प्राथमिकता प्रदान गरिनेछ।

अन्य विस्तृत विवरण कचनकवल गाउंपालिकाको वार्षिक नीति तथा कार्यक्रम, विनियोजन ऐन, २०७६ र आर्थिक ऐन, २०७६ मा समेटिएको व्यहोरा सम्वन्धित सबैमा अपिल समेत गर्दछु।

अन्जरा आलम
अध्यक्ष
कचनकवल गाउँपालिका, बनियानी,
झापा

मिति: २०७६।०४।०१



Scanned by CamScanner